## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्या: २/९३/२०८२/०८३
## मितिः २०८३।०२।०९ गते बसेको बैठक

श्री

नेपालको संविधानको धारा २१५ को उपधारा (२) मा व्यवस्था भए बमोजिम कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्गनामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका पदाधिकारीहरुको उपस्थितिमा बसी पूर्व निर्धारित प्रस्तावहरु उपर आवश्यक छलफल गर्दै तपसिल बमोजिमका निर्णयहरु पारित गरियो।

बैठक सञ्चालन मितिः २०८३।०२।०९

बैठक सञ्चालन स्थानः कानेपोखरी गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारी, मोरङ।

बैठक बसेको समयः बिहान ९:०० बजे।

उपस्थिति

| सि.नं. | पदाधिकारीहरुको नाम थर | पदाधिकारीको दर्जा | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री राजमती इङ्गनाम | गाउँ कार्यपालिका अध्यक्ष | |
| २. | श्री भोला प्रसाद अधिकारी | गाउँ कार्यपालिका उपाध्यक्ष | |
| ३. | श्री रत्न बहादुर कार्की | वडा अध्यक्ष, १ नं. वडा | |
| ४. | श्री सुशील बुढाथोकी | वडा अध्यक्ष, २ नं. वडा | |
| ५. | श्री गोपाल बहादुर कार्की | वडा अध्यक्ष, ३ नं. वडा | |
| ६. | श्री रमेश राउत | वडा अध्यक्ष, ४ नं. वडा | |
| ७. | श्री चरण गुरुङ | वडा अध्यक्ष, ५ नं. वडा | |
| ८. | श्री खड्गबहादुर बस्नेत | वडा अध्यक्ष, ६ नं. वडा | |
| ९. | श्री मोहनप्रसाद अधिकारी | वडा अध्यक्ष, ७ नं. वडा | |
| १०. | श्री पदमकुमारी कार्की | गाउँ कार्यपालिका सदस्य | |
| ११. | श्री सुशिला श्रेष्ठ | गाउँ कार्यपालिका सदस्य | |
| १२. | श्री प्रमिला परियार | गाउँ कार्यपालिका सदस्य | |
| १३. | श्री साउनी माझी | गाउँ कार्यपालिका सदस्य | |
| १४. | श्री झपटुलाल राजवंशी | गाउँ कार्यपालिका सदस्य | |
| १५. | श्री सुफल मुर्मु सतार | गाउँ कार्यपालिका सदस्य | |
| १६. | श्री हिराकुमारी यादव, प्रमुख प्र.अधिकृत | गाउँ कार्यपालिका सचिव | |

## कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्या: २/९३/२०८२/०८३

### मितिः २०८३।०२।०९ गते बसेको बैठक

प्रस्तुत विषयमा कानेपोखरी गाउँपालिका, मोरङको गाउँ कार्यपालिकाको ९३ औं बैठक गाउँ कार्यपालिका अध्यक्ष श्री राजमती इङ्नामज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाका तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा छलफल गरियो।

बैठक बसेको समय: बिहान ८:०० बजे।

**तपसिल**

| प्रस्तावको विषय | प्रस्ताव नं. |
|---|---|
| अघिल्लो गाउँ कार्यपालिकाको बैठकको समीक्षा सम्बन्धमा। | १ |
| लिखत रजिष्ट्रेशन जग्गाको न्यूनतम मूल्याङकन कायम गर्ने सम्बन्धमा। | २ |
| भू-उपयोग वर्गीकरण सम्बन्धी छलफल गर्ने सम्बन्धमा। | ३ |
| सरकारी जग्गा नापजाँच तथा रेखाङ्कन सम्बन्धमा। | ४ |
| विपदजन्य सामग्री खरिद सम्बन्धमा। | ५ |
| संस्थागत विद्यालयको सञ्चालन अनुमति पुनरोवलोकन गर्ने सम्बन्धमा। | ६ |
| सहकारी संस्था अनुगमन, निरीक्षण तथा नियमन सम्बन्धी मापदण्ड,२०८३ | ७ |
| मर्मत सम्भार योजना स्वीकृत गर्ने सम्बन्धमा। | ८ |
| समुदायस्तरमा बालकक्षा सञ्चालन गर्ने सम्बन्धमा। | ९ |
| नीजि सचिव नियुक्त गर्ने सम्बन्धमा। | १० |
| धरौटी रकम फिर्ता सम्बन्धमा। | ११ |
| विविध। | १२ |

गाउँपालिका
अध्यक्ष

उपरोक्त बमोजिमका प्रस्तावहरु कानेपोखरी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मार्फत् मिति २०८३।०२।०८ गते जानकारी भयो।

गाउँपालिका उपाध्यक्ष | १ नं. वडा अध्यक्ष | २ नं. वडा अध्यक्ष | ३ नं. वडा अध्यक्ष

४ नं. वडा अध्यक्ष | ५ नं. वडाध्यक्ष | ६ नं. वडा अध्यक्ष | ७ नं. वडा अध्यक्ष

**गाउँ कार्यपालिकाका सदस्यहरु:**

पदम कुमारी कार्की | साउनी माझी | सुशिला श्रेष्ठ | प्रमिला परियार

झपटुलाल राजवंशी | सुफल मुर्मु सतार

कानेपोखरी गाउँ कार्यपालिको बैठक संख्या: २/९३/२०८२/०८३
मिति: २०८३।०२।०९ गते बसेको बैठक

निर्णय नं.(१)

प्रस्ताव नं.(१) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिका बैठकको गणपूरक संख्या पूरा भएको हुँदा बैठक संचालन प्रकृया अघि बढाई अघिल्लो बैठकको निर्णयहरुको समीक्षा तथा विश्लेषण गरियो।

निर्णय नं.(२)

प्रस्ताव नं.(२) का सम्बन्धमा छलफल गर्दा मालपोत ऐन,२०३४ को दफा ८(२) तथा मालपोत नियमावली संशोधन सहित २०३६ को नियम ५(क) प्रयोजनार्थ कानेपोखरी गाउँपालिकाको कार्यालय,भौंसाबारी क्षेत्रभित्रका जग्गाहरुको आ.व.२०८३।०८४ मा रजिष्ट्रेशन लिखतमा न्यूनतम थैली अङ्क कायम गर्न जग्गाको भौगोलिक अवस्थिति,भौतिक पूर्वाधार र विकास निर्माणका क्रियाकलाप,जग्गाको आकार प्रकार,व्यापारिक तथा पर्यटकीय क्रियाकलाप, सडक सञ्जालको अवस्था तथा कारोबारमा भएको खरिद बिक्री मूल्य जस्ता विविध पक्षहरुलाई मध्येनजर गरी कानेपोखरी गाउँपालिकाको क्षेत्रभित्र न्यूनतम मूल्य कायम गर्न यस पालिका अन्तर्गतका वडाहरुबाट आ-आफ्नो क्षेत्रभित्रका जग्गाको न्यूनतम मूल्याङ्कन अङ्क यकीन गरी कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा १५ दिन भित्र विवरण पेश गर्ने/गराउने निर्णय बहुमतबाट पारित गरियो।

निर्णय नं.(३)

प्रस्ताव नं.(३) का सम्बन्धमा छलफल गर्दा स्थानीय भू-उपयोग परिषद कानेपोखरी गाउँपालिकाबाट आधार तथा मापदण्ड, भू-उपयोग नक्सा वर्गीकरण अनुसार कित्तागत विवरण तयार गर्ने क्रममा आधार तथा मापदण्ड अनुसार कित्तागत विवरणमा कित्ता छुटेको,कित्तागत विवरण फरक परेको, वर्गीकरण नक्सा तयार भएको समयमा नक्सा सिट छुटेर कित्ताहरु नदेखिएको सम्बन्धमा कित्तागत विवरणमा छुट भएका कित्ता र वर्गीकरण हुन छुट भएको नक्सा सिटहरुलाई अध्ययन गरी विज्ञको सहयोगमा वर्गीकरण नक्सा र कित्तागत विवरणलाई सुधार गर्न सम्बन्धित वडाका वडा अध्यक्षहरु सहित नापी प्राविधिकसँग समन्वय गरी वर्गीकरण छुट यकीन गरी स्थानीय भू-उपयोग परिषदमा १५ दिन भित्रमा पेश गर्ने/गराउने निर्णय बहुमतबाट पारित गरियो।

निर्णय नं.(४)

प्रस्ताव नं.(४) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, भौंसाबारीको नाममा रहेको मोरङ्ग बयरवनको नक्सा नं. ६।क को कित्ता नं.२ को क्षेत्रफल ०-१३-१० , नक्सा नं.६।क को कित्ता नं.२०५ को क्षेत्रफल ०-०-१, नक्सा नं. ८।ज को कित्ता नं.२५४ को क्षेत्रफल ०-२-० जग्गाको नापजाँच,साँधसिमाना, रेखाङ्कन गर्न नापी कार्यालयबाट नापी अधिकृत सहितको

CamScanner

कानेपोखरी गाउँ कार्यपालिका बैठक संख्याः २/९३/२०८२/०८३
मितिः २०८३।०२।०९ गते बसेको बैठक

नापी प्राविधिक मगाई प्राविधिकबाट प्राप्त नापी प्राविधिक प्रतिवेदन आगामी कार्यपालिका बैठकमा पेश गर्ने निर्णय बहुमतबाट पारित गरियो।

## निर्णय नं.(५)

प्रस्ताव नं.(५) का सम्वन्धमा छलफल गर्दा मिति २०८३।०२।०७ गते बसेको विपद व्यवस्थापन समितिले निर्णय गरी पेश गरेको विपदजन्य अत्यावश्यक सामाग्री खरिदका लागि विपद व्यवस्थापन कोषबाट खर्च लेख्ने गरी रु.५०,०००।– मा नबढ्ने गरी खरिद कार्य प्रक्रिया अगाडी बढाउन गाउँ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय बहुमतबाट पारित गरियो।

## निर्णय नं.(६)

प्रस्ताव नं.(६) का सम्वन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका गाउँ कार्यपालिका अन्तर्गत अनुमति लिई सञ्चालनमा रहेका संस्थागत विद्यालयहरुको भौतिक पूर्वाधार संरचना विद्यार्थी संख्या, लगायत न्यूनतम मापदण्ड लगायत विषयमा अध्ययन गरी ७ दिन भित्र पेश गर्न तपसिलका समिति गठन गर्ने निर्णय बहुमतबाट पारित गरियो।

तपसिल

१. श्री भोलाप्रसाद अधिकारी,गा.पा.उपाध्यक्ष – संयोजक
२. श्री सुशिल बुढाथोकी,वडा अध्यक्ष, – सदस्य
३. श्री खड्ग बहादुर बस्नेत,सामाजिक विकास समितिका अध्यक्ष – सदस्य
४. श्री हिराकुमारी यादव,प्रमुख प्रशासकीय अधिकृत - सदस्य
५. श्री चुडामणी रेग्मी, शिक्षा शाखा प्रमुख – सदस्य सचिव

## निर्णय नं.(७)

प्रस्ताव नं.(७) का सम्वन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका अन्तर्गत कार्यक्षेत्र भित्र रहेका सहकारी संस्थाहरुको नियमित निरीक्षण, सुपरीक्षण तथा अनुगमन, सघन अनुगमन,मूल्याङकन तथा नियमन गरी सहकारी संस्थाहरुको क्षमता अभिवृद्धि गरी सुशासन कायम गर्न कानेपोखरी गाउँपालिकाको सहकारी ऐन,२०८० को दफा १०२ को उपदफा(१) बमोजिम "सहकारी संस्था अनुगमन,निरीक्षण तथा नियमन सम्वन्धी मापदण्ड,२०८३" मापदण्ड बनाई स्वीकृत गर्ने निर्णय बहुमतबाट पारित गरियो।

CamScanner

## कानेपोखरी गाउँ कार्यपालिको बैठक संख्या: २/९३/२०८२/०८३
## मितिः २०८३।०२।०९ गते बसेको बैठक

प्रमाणित

### निर्णय नं.(८)

प्रस्ताव नं.(८) का सम्बन्धमा छलफल गर्दा कानेपोखरी गाउँपालिका वडा नं.७ अन्तर्गत तपसिलका मर्मत सम्भार गर्नु पर्ने योजनाहरु स्वीकृत गर्ने निर्णय बहुमतबाट पारित गरियो।

तपसिल

| क्र.सं. | योजनाको नाम | रकम | खर्च शीर्षक लेख्ने |
|---|---|---|---|
| १ | सुकुना खोलामा कल्भर्ट मर्मत सम्भार | ४ लाख | मर्मत सम्भारकोषबाट |
| २ | नगरप्रहरी आवास निर्माण तथा मर्मत सम्भार | ५ लाख | मर्मत सम्भारकोषबाट |

### निर्णय नं.(९)

प्रस्ताव नं.(९) का सम्बन्धमा छलफल गर्दा वडा नं.२ स्थित कानेपोखरी गाउँपालिकाको आफ्नो स्वामित्वमा रहेको क्षेत्रफल करिब १-१-१२ जग्गामा ४० घर परिवारका लागि जनता आवास निर्माण गरी विपन्न, घरविहीन नागरिकलाई आवास प्रदान गरी बसोबास गराएको र उक्त आवास क्षेत्र नजिक बालबालिकाहरुका लागि पायक पर्ने विद्यालय नभएको हुनाले सोही आवास क्षेत्रमा मिति २०८३।०२।१५ गते देखि लागू हुने गरी प्रारम्भिक बाल विकासमा कक्षा सञ्चालन गर्ने, सञ्चालन गर्नका लागि १ जना बाल विकास सहजकर्ताको व्यवस्थापन गर्ने निर्णय बहुमतबाट पारित गरियो।

### निर्णय नं.(१०)

प्रस्ताव नं.(१०) का सम्बन्धमा छलफल गर्दा गाउँ तथा नगरसभा सदस्यहरुको सुविधा ऐन,२०७५ को दफा ३ को उपदफा(३) एवम् कानेपोखरी गाउँपालिकाको कार्यसञ्चालन निर्देशिका, २०७८ को दफा १८ को उपदफा(१) बमोजिम कानपोखरी गाउँपालिकाको अध्यक्षको सचिवालय व्यवस्थापनको लागि रा.प.अनं प्रथम श्रेणी वा सो सरहको तलब भत्ता सेवा सुविधा पाउने गरी श्री राजकुमारी तामाङलाई कानेपोखरी गाउँपालिकाको अध्यक्षको सचिवालयमा नीजि सचिवको रुपमा मिति २०८३।०१।०१ गते देखि लागु ने गरी नियुक्त गर्ने निर्णय बहुमतबाट पारित गरियो।

### निर्णय नं.(११)

प्रस्ताव नं.(११) का सम्बन्धमा छलफल गर्दा दिगोपन सामाजिक उद्यमी महिला सहकारी संस्था लिमिटेडको स्वीकृत योजना तथा कार्यक्रम सञ्चालन भएकोमा गत आ.व. मा ब.ख. गर्दा धरौटीको रकम छुट रु.२५,०००।- गत आ.व.को दायित्व भुक्तानी शीर्षकबाट छुट धरौटी रकम रु.२५,०००।- (पच्चिस हजार मात्र) भुक्तानी दिने निर्णय बहुमतबाट पारित गरियो।

राजमती
अध्यक्ष